# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ, प्रदेश नं.१, नेपाल

# आन्तरिक श्रोत असुली सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(तेश्रो पटक प्रकाशित मिति २०७९/०४/२३)

**यस बेलबारी नगरपालिकाको तपशिल बमोजिमका स्थानीय पूर्वाधार उपयोग शुल्क लगायत हाटबजार, कवाडी, पार्किङ्ग शुल्क अशुली गर्न आगामी आ.व. २०७९/८० का लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले ईजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।**

**तपसिल**

| सि.नं. | ठेक्काको नाम | ठेक्का नं. | न्यूनतम अंक रु. (भ्याट बाहेक) | फारम दस्तुर रु. | ठेक्काको प्रकार |
|---|---|---|---|---|---|
| १ | बेलबारी १ मा लाग्ने सोमबारे, वडा नं. २ मा लाग्ने शुक्रबारे र बुधबारे हाटकर संकलन अशुली | BM/MOR/S/SQ-01-2078/79 | ११,२५,०००।- | १००० ।- | दरभाउपत्र |
| २ | सिसौबारी फडानी भलुवा लोहान्द्रा खोला बेलबारी सडक | BM/MOR/S/SQ-03-2078/79 | १५,००,००० ।- | १००० ।- | दरभाउपत्र |
| ३ | कवाडी शुल्क अशुली | BM/MOR/S/SQ-04-2078/79 | ३,५०,०००।- | १००० ।- | दरभाउपत्र |
| ४ | पार्किङ्ग शुल्क असुली (मालपोत र नापी कार्यालय क्षेत्र) | BM/MOR/S/SQ-05-2078/79 | ६,००,०००।- | १००० ।- | दरभाउपत्र |

**शर्तहरू**

१. दरभाउपत्र खरिद गर्न फर्म/कम्पनीको अख्तियार प्राप्त व्यक्तिको निवेदन साथ नियमानुसार रु. १०००।०० को भौचर, कम्पनी/फर्मको ईजाजत पत्र, फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७७/७८ को लागि कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

२. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र खरिद गरी ८ (आठ) औं दिन दिनको १२:०० बजेभित्र दर्ता गरी सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता तथा अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

३. शिलबन्दी दरभाउपत्रदाताले आफूले कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, बेलबारी शाखामा रहेको धरौटी खाता नं. 24301003000002 मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको बैंकले जारी गरेको कम्तीमा ९० दिनसम्म म्याद भएको सोही रकम बराबरको बैंक ग्यारेन्टी पत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र सकार गर्ने कम्पनी/फर्मले कबोल अंक बमोजिमको रकम सम्झौता अवधिभित्र एकमुष्ट बुझाएमा भ्याट बाहेकको रकममा १०% सम्म छुट दिन सकिनेछ अन्यथा कार्यालयले तोकेबमोजिम हुनेछ।

५. ठेक्का सम्झौता भएपछि कुनैपनि बन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागि कम्पनी/फर्मले दावी गर्न पाउने छैन।

६. कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल उपर गर्नु पर्नेछ। अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

७. कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

८. हाटबजारमा लाग्ने सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजश्व फर्म/कम्पनी आफैले बेहोर्नु पर्नेछ।

९. दरभाउपत्र फारममा अंक र अक्षर दुवैमा दररेट स्पष्ट लेख्नु पर्नेछ। यदि केरमेट भएमा सहिछाप लगाउनु पर्नेछ।

१०. सि.नं. ४ को ठेक्काको हकमा सवारी पार्किङ्ग शुल्क असुलीको लागि दरभाउपत्रदाताले पायक पर्ने स्थानमा कम्तिमा ३ कठ्ठा जग्गा भाडामा भए जग्गा धनीसँग भाडामा दिन मन्जुर भएको द्विपक्षीय सहमती पत्र समेत दरभाउपत्रमा संलग्न गर्नु पर्नेछ।

११. यस नगरपालिका अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का बक्यौता, पेश्की बेरुजु रहेको फर्म/कम्पनीले ठेक्कामा सहभागी हुन पाउने छैन तर दरभाउपत्र खरिद गर्नुअघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन।

१२. म्याद नाघी वा रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन। प्राप्त दरभाउपत्र आंशिक वा पुरै अस्वीकृत गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ।

१३. दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समयमा गरिनेछ।

१४. माथि उल्लेखित शर्त बाहेकको हकमा बेलबारी नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७८ तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**